आज मिति २०८१/०१/२० गते बिहीबार दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बाह्रौ बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्णबहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जालबहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्रबहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | मोहनकुमार श्रेष्ठ | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | लेखापाल | प्रकाश वस्नेत | |
| २. | सहायक स्तर पाँचौ | शिव गिरी | |

CamScanner

**गाउँ कार्यपालिकाको बाह्रौं बैठकको कार्यसूचि**

१. विगतका निर्णयको समीक्षा सम्बन्धमा ।

२. भेरिएशन आदेशबाट थप मिनी ट्रिलर खरिद सम्बन्धमा ।

३. आगलागी पीडितहरुबाट सहयोग माग भई आएको सम्बन्धमा ।

४. थप समपुरक योजना माग गर्ने सम्बन्धमा ।

५. बजेटको सुनिश्चतता सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा एघारौं गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णय कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको बाँकी निर्णयहरु समेत कार्यान्वयनको चरणमा रहेको पाइयो ।

२. प्रस्ताव न.२ माथि छलफल गर्दा गाउँपालिकाले २०८०।१०।१६ को कार्यक्रम कार्यान्वयन समितिको निर्णय बमोजिम उपलब्ध बजेट तथा स्पेशिफिकेशन तयार गरी १०७ वटा मिनि ट्रिलर खरिदको लागि मिति २०८०।१०।२१ मा सूचना आव्हान गरेको थियो। अनुमानित बजेट करिब रु. २५/२५ लाख अर्थात किसान तथा गाउँपालिकाको ५०/५० साझेदारी गरी ५० लाख रहेको थियो। बोलपत्रको अवधिमै अर्थात् मिति २०८०।११।१९ मा ७ दिने म्याद दिई कृषकहरुसँग ५० प्रतिशत अनुदानमा मिनी ट्रिलर वितरण कार्यक्रममा सहभागी हुन चाहनेहरुको लागि प्रकाशित सूचना बमोजिम रीतपूर्वक तोकिएको समयावधिमा आवेदन दिने २१० जनाले आवेदन दिएका थिए र सबैको नामावली कार्यक्रम कार्यान्वयन समितिले स्वीकृत गरेको छ। मिति २०८०।१०।१६ मा प्रकाशित सूचना बमोजिम १०७ जनालाई मात्र पुग्ने र बाँकी १०३ जनालाई अपुग हुने देखिन्छ।

कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० मा बजेट समेत बाँडफाँट भई रु. २५ लाख छुट्याइएकोमा सार्वजनिक रुपमा सूचना प्रकाशन गरी आव्हान भई पर्न आएको बोलपत्र मध्ये सारभूत रुपमा प्रभावग्राही भई स्वीकृत छनौट भएको बोलपत्रदाता स्मार्ट एग्रो सोलुशन प्रा.लि. मध्यपुर-१६ भक्तपुरसँग प्रति मिनिट्रिलर रु २८,४००। का दरले गाउँपालिकाको ५० प्रतिशत रकम व्यहोर्दा एकातिर १५,१९,४००। मात्र खर्च हुने गरी सम्झौता भइसकेको देखिन्छ भने अर्को तर्फ सबै किसानलाई समेटी व्यावसायिक बनाउनु पर्ने दायित्व गाउँपालिकाको रहेको छ। साथै कार्यविधिको दफा ३९ मा कार्यक्रम तथा बाँडफाँट रकम कार्यान्वयन समितिले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ भन्ने व्यवस्था बमोजिम खर्च हुन नसक्ने र बढी खर्च आवश्यक पर्ने कार्यक्रममा यस समितिले निर्णय गर्न सक्ने भई थप रकमको सुनिश्चतता समेत भएको देखिन्छ।

तसर्थ, स्वीकृत बोलपत्र बमोजिम गाउँपालिकासँग मिनि ट्रिलर सप्लाईको सम्झौता गर्ने बोलपत्र दाताले स्वीकृत अंकमा नबढ्ने गरी थप मिनिट्रिलर समेत उपलब्ध गराउने प्रावधान सहित मिति २०८१।१२।२७ मा भएको सम्झौता सम्पन्न भइसकेको हुँदा सोही कम्पनीसँग थप १०३ वटा मिनी ट्रिलर खरिद गरी वितरण गर्नका लागि सुनकोशी गाउँपालिका

टोपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

CS CamScanner

सिन्धुपाल्चोकको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १२७ को १ ख बमोजिम भेरियेसन आदेशको लागि कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० मा व्यवस्था भएको कार्यक्रम कार्यान्वयन समितिको मिति २०८१।०१।११ को बैठकबाट निर्णय गरी सिफारिस भए बमोजिम सम्झौता भएको बोलपत्रदातासँग थप १०३ वटा परिमाणको लागि सम्झौता भएको प्रति इकाइ मूल्यमा नबढ्ने गरी भेरियसन आदेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिका भित्रका आगलागी पीडितहरुबाट राहत/क्षतिपूर्ति सहयोग माग भई आएको हुँदा निजकहरुको निवेदनमा प्रहरी मुचुल्का तस्वीर तथा आवश्यक कागजात सहित संलग्न राखी तपसिल बमोजिम सहयोग विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | पीडितको नामथर | ठेगाना | क्षतिको अवस्था | गा.पा. बाट उपलब्ध हुने सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | रामबहादुर कार्की | सुनकोशी-६ | घर आगलागी भई पूर्ण क्षति भएको | १,५०,०००। | |
| २. | लक्ष्मी पौडेल | सुनकोशी-४ | घर आगलागी भई आंशिक क्षति भएको | ३०,०००। | |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८०।१०।२८ को गाउँ कार्यपालिकाको निर्णय बमोजिम ३ वटा योजना पठाइ सकिएको र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ मा भएको बजेट सीमाको परीधिभित्र रही वागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौडासँग आर्थिक बर्ष २०८१।०८२ को लागि तपसिल बमोजिम एक वटा थप विशेष योजना माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | मेलचौर-सुनखानी-भोटेयमुना डिपबोरिङ खानेपानी योजना | ५ | १,००,००,०००। | |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८०।१०।२८ को गाउँ कार्यपालिकाको बैठकले आर्थिक बर्ष २०८१/०८२ मा कार्यान्वयन हुने गरी वागमती प्रदेश सरकारसँग समपुरक र विशेष अनुदानको लागि पठाइएको योजनाहरुमा समावेश नभएको वडाहरु( ३ र ५)मा आगामी आर्थिक बर्ष २०८१/०८२ को लागि बनाउने बजेटमा वडा नं. ३ को सकुटे-मिलडाँडा-महेन्द्रकान्ति सडक स्तरोन्नतीको लागि कम्तिमा रु. पचास लाख र वडा नं. ५ को नन्देघारी-मानेडाँडा-वरपिपलडाँडा-हरिसिद्धि उकालो-मेलचौर-नन्दप्राङ-गोहीमासे सडक स्तरोन्नतिको लागि कम्तिमा रु. पचास लाख बजेट सुनिश्चतता गरी मात्र थप बजेट बनाउने निर्णय गरियो ।

२

उपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

CamScanner